# ६७ औं विश्व कुष्ठरोग दिवस
# १२ माघ २०७६ (२६ जनवरी २०२०)

## “कुष्ठरोग विरुद्ध हाम्रो अभियान, भेदभावको अन्त्य, मानव अधिकारको सम्मान”

इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा
स्वास्थ्य सेवा विभाग
टेकु, काठमाण्डौं


# कुष्ठरोग सम्वन्धि तथ्यहरू:

- कुष्ठरोग आँखाले देख्न नसकिने माइकोव्याक्टेरियम लेप्रे नामको सुक्ष्म किटाणुबाट लाग्ने एक प्रकारको ज्यादै कम सर्ने रोग हो ।
- ९५ प्रतिशत मानिसमा कुष्ठरोगको किटाणुसँग लड्न सक्ने क्षमता (Immunity) हुन्छ ।
- यो रोग मानिसबाट मानिसमा सर्छ । उपचार नगरेको कुष्ठरोग विरामीसँग लामो समयसम्म सम्पर्कमा आउने व्यक्तिलाई मुख्यतः श्वास प्रश्वासको माध्यामबाट यो रोग सर्न सक्छ । (लामो समय भन्नाले कम्तिमा हप्तामा २० घण्टा भन्दा बढी समय सम्म सम्पर्कमा रहने व्यक्ति)
- शुरूकै अवस्थामा रोगको निदान र उपचार गरेमा यो रोग अरूलाई सर्दैन ।

- यो रोग बहुऔषधीको एक मात्रा सेवनबाट नै ९९ प्रतिशत रोगका किटाणुलाई शिथिल बनाई रोग अरूलाई नसर्ने हुन्छ ।
- समयमा नै उपचार गरेमा कुष्ठरोग पूर्ण रूपमा निको हुन्छ र अपांगता हुदैन ।
- कुष्ठरोग पनि अरू रोग जस्तै साधारण सरूवा रोग हो ।
- यो रोगबाट प्रभावित व्यक्ति पनि देशको नागरिक हुन् उसले पनि स-सम्मान पुर्वक आफ्नो परिवार र समाजमा जीवनयापन गर्न पाउनु उसको अधिकार हो ।
- यो रोग उपचारबाट पुर्ण रुपमा निको हुने तथा समयमा उपचार गरेमा अपांगता हुदैन त्यसैले कुष्ठरोगका विरामी र प्रभावितलाई सामाजिक भेदभाव नगरौं ।

# कुष्ठरोगका चिन्ह र लक्षणहरू

- शरीरको कुनै भागमा छुँदा थाहा नपाउने, रातो, फुस्रो दागहरु देखा पर्नु ।
- हात खुट्टा झमझम गर्नु ।
- बाहिरी सतहका स्नायु सुन्निनु ।
- अनुहार र कानका लोती बाक्लो हुनु र गिर्खाहरू देखिनु ।
- छाला चम्किलो र बाक्लो हुनु ।
- हात खुट्टामा नदुख्ने घाउहरु देखा पर्नु ।









# कुष्ठरोग राष्ट्रिय रणनीति

२०७३–२०७७ (सन् २०१६–२०२०)

इपिडिमियोलोजी तथा रोग नियन्त्रण
महाशाखा

## परिदृष्य (Vision) : कुष्ठरोग मुक्त नेपाल (Leprosy Free Nepal)

# सन् २०२० सम्मको समग्र लक्ष्यहरू

- सबै जिल्लाहरुमा कुष्ठरोगको प्रकोप दर (Prevalence rate) प्रति १० हजार जनसंख्यामा १ भन्दा कम गर्ने
- कुष्ठरोगको नयाँ विरामीहरुमध्ये बच्चा(० देखि १४ वर्ष)हरुमा असमर्थताको तह २ (Grade II Disability) लाई शून्य बनाउने
- सबै नयाँ निदान भएका कुष्ठरोगका विरामीहरुमा तह–२ असमर्थता (Grade II Disability) लाई प्रति १० लाख जनसंख्यामा १ भन्दा कम गर्ने
- कुष्ठरोग प्रभावितहरुलाई भेदभाव हुने प्रकारको कानुनी प्रावधानहरुलाई शुन्य बनाउने

# कुष्ठरोग निवारण कार्यक्रमको ३ खम्बे रणनीतिहरु

कुष्ठरोगको सर्ने प्रक्रिया र यसका जटिलता हरु रोक्ने

कुष्ठरोग विरुद्धको भेदभाव रोक्ने र समावेशीमा प्रवर्द्धन गर्ने

सरकारी स्वामित्व, समन्वय र साझेदारीमा सुदृढीकरण गर्ने

# कुष्ठरोगको वर्तमान अवस्था
# आ.व. २०७५/७६


# कुष्ठरोगका मुख्य मुख्य सुचांकहरू आ.ब.२०७५।०७६

| | |
|---|---|
| पत्ता लागेका नयाँ विरामी संख्या<br>**New Cases Detected** | ३२८२ |
| आ.व. को अन्त्यमा उपचारमा रहेका विरामी संख्या<br>**Under treatment Cases** | २९२१ |
| नयाँ विरामी मध्ये १४ वर्षमुनिको विरामी संख्या<br>**Total new child cases** | ३३७ |
| नयाँ विरामीहरुमध्ये असमर्थताको तह २ भएको जम्मा संख्या<br>**Grade 2 Disability among new cases** | १५६ |
| नयाँ विरामीहरुमध्ये ० देखि १४ वर्षका असमर्थताको तह २ भएको संख्या<br>**Grade 2 Disability among new child cases** | २ |
| नयाँ विरामीहरुमध्ये महिला विरामीको संख्या<br>**Female  among new cases** | ११४३ |


# कुष्ठरोगका मुख्य मुख्य सुचांकहरू आ.ब.२०७५।०७६

| | |
|---|---|
| प्रति १ लाख जनसंख्यामा पत्ता लागेका नयाँ विरामी दर<br>NCDR/ 1,00,000 population | ११.१६ |
| प्रति १० हजार जनसंख्यामा वर्षको अन्त्यमा उपचारमा रहेको विरामी प्रकोप दर<br>PR/ 10,000 population | ०.९९ |
| नयाँ विरामीहरुमध्ये ० देखि १४ वर्षका विरामीको अनुपात<br>Proportion of Child cases among new | ७.९२ |
| नयाँ विरामीहरुमध्ये असमर्थताको तह २ भएको अनुपात<br>Proportion of G2D among new | ४.७५ |
| नयाँ विरामीहरुमध्ये ० देखि १४ वर्षका असमर्थताको तह २ भएको विरामीको अनुपात<br>Proportion of Child among new cases | ०.०६ |
| नयाँ विरामीहरुमध्ये महिला विरामीको अनुपात<br>Proportion of Female cases among new cases | ३४.८३ |
| प्रति १० लाख जनसंख्यामा नयां विरामीहरुमध्ये असमर्थताको तह २ भएको दर<br>Grade 2 Disability Rate per Million population | ५.३० |

# प्रदेश अनुसार प्रति १० हजार जनसंख्यामा वर्षको अन्त्यमा उपचारमा रहेका विरामीको प्रकोप (प्रिभिलेन्स) दर





# प्रदेश अनुसार कुष्ठरोगका नयाँ बिरामी




| | |
|---|---|
| जम्मा नयाँ विरामी संख्या | ३२८२ |


# कुष्ठरोगको जिल्लागत अवस्था
# (प्रदेश नं.१, आ.व. २०७५/७६)







# कुष्ठरोगको जिल्लागत अवस्था
# (प्रदेश नं.२, आ.व. २०७५/७६)

**प्रति १० हजार जनसंख्यामा वर्षको अन्त्यमा उपचारमा रहेका विरामीको प्रकोप (प्रिभिलेन्स) दर**





**प्रति १ लाख जनसंख्यामा पत्ता लागेका नयाँ विरामी दर**




# कुष्ठरोगको जिल्लागत अवस्था
# (प्रदेश नं. ३, आ.व. २०७५/७६)

प्रति १० हजार जनसंख्यामा वर्षको अन्त्यमा उपचारमा रहेका विरामीको प्रकोप (प्रिभिलेन्स) दर





प्रति १ लाख जनसंख्यामा पत्ता लागेका नयाँ विरामी दर




# कुष्ठरोगको जिल्लागत अवस्था
# (गण्डकी प्रदेश, आ.व. २०७५/७६)


प्रति १० हजार जनसंख्यामा वर्षको अन्त्यमा उपचारमा रहेका विरामीको प्रकोप (प्रिभिलेन्स) दर





प्रति १ लाख जनसंख्यामा पत्ता लागेका नयाँ विरामी दर





# कुष्ठरोगको जिल्लागत अवस्था
# (प्रदेश नं.५, आ.व. २०७५/७६)




# कुष्ठरोगको जिल्लागत अवस्था (कर्णाली प्रदेश, आ.व. २०७५/७६)







# कुष्ठरोगको जिल्लागत अवस्था
# (सुदुरपश्चिम प्रदेश, आ.व. २०७५/७६)

प्रति १० हजार जनसंख्यामा वर्षको अन्त्यमा उपचारमा रहेका विरामीको प्रकोप (प्रिभिलेन्स) दर




प्रति १ लाख जनसंख्यामा पत्ता लागेका नयाँ विरामी दर



# चुनौतीहरु

- कुष्ठरोगका विरामी तथा प्रभावितहरु प्रति सामाजिक भेदभावलाई शून्य बनाउने ।
- गुणस्तरीय उपचार सेवाको निरन्तरता ।
- रोगको संक्रमणलाई घटाई कुष्ठरोग शुन्य समाज निर्माण गर्ने ।
- कुष्ठरोग निवारणको स्थितिलाई दिगो राख्ने ।
- प्रभावितहरुलाई समूदायमा आधारित पुनर्स्थापना गर्ने ।
- सवै नगर/गाँउपालिकाहरुमा कुष्ठरोग निवारण (प्रति दश हजार जनसंख्यामा १ भन्दा कम विरामी) गर्ने ।
- कुष्ठरोगसँग सम्वन्धित जनशक्तिको व्यवस्थापन ।

# सरोकारवालाहरुको भुमिका

- कुष्ठरोग प्रतिको भ्रम र डरलाई हटाउन परिवार र समुदायमा रोगको बारेमा सही जानकारी दिने तथा प्रचार प्रसार गर्ने ।
- कुष्ठरोगको विरामीलाई नियमित उपचार गर्न सल्लाह दिने र उपचारको उपलव्धता बारेमा जानकारी गराउने ।
- कुष्ठरोगको शंका लागेका विरामीलाई स्वास्थ्य संस्थाहरुमा पठाई रोग निदान र उपचारमा सहयोग पुर्‍याउने ।
- कुष्ठरोगका विरामी र प्रभावितलाई आफ्नो परिवार र समुदायमा भेदभाव हुन नदिन रोग बारेमा सत्य तथ्य जानकारी दिने ।

# कुष्ठरोग निवारणका लागि हाल संचालन भइरहेका क्रियाकलापहरू

- **जनचेतना मुलक कार्यक्रमः** अन्तक्रिया, कुष्ठरोग दिवस मनाउने, श्रव्य दृष्यको माध्याम कुष्ठरोग सम्वन्धी स्वास्थ्य शिक्षा तथा प्रचार प्रसार
- **संक्रमण नियन्त्रण**: सक्रिय बिधिबाट बिरामी खोजपडताल तथा उपचार, विरामीको सम्पर्कमा रहने पारिवार तथा छिमेकीहरूको परिक्षण, कुष्ठरोग रोकथाम कार्यक्रम (LPEP)
- **अपांगता बचावट:** उपचार, जटिलताको व्वस्थापन, प्रेषण सेवा, स्वयम हेरचाह, परामर्श सेवा
- **पुर्नस्थापना:** आय आर्जन, स्वयम हेरचाह समूह गठन, सहयोग सामाग्री वितरण, सीपमुलक तालिम, आरोग्य आश्रममा रहेका प्रभावितहरूलाई खान बस्न व्यवस्थापनमा सहयोग, सुधारात्मक शल्यक्रिया, आदि ।
- **सेवा प्रदायकहरूको क्षमता अभिबृदि**
- **साझेदारहरूसँगको समन्वय तथा सहकार्य**
- **बहु औषधीको व्यवस्थापन**


END
DISCRIMINATION
STIGMA
END STIGMA
www.edcd.gov.np
www.facebook.com/edcdnepal